नेपालको पहिलो बैंक
नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED
स्थापित वि.सं. १९९४
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्र प्राप्त संस्था

प्रधान कार्यालय
धर्मपथ, काठमाडौं

# प्रेस विज्ञप्ती

## नेपाल बैंक र ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा. लि. बिच सम्झौता

मिति २०८२ साल पौष २३ गते नेपालको पहिलो बैंक नेपाल बैंक लिमिटेडमा कार्यरत कर्मचारीहरु, कर्मचारीका परिवार र, बैंकमा खाता रहेका ग्राहकहरूलाई काठमाडौं चावहिलमा रहेको ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा. लि. मा उपचार गर्दा लाग्ने शुल्कमा विशेष छुट प्रदान गर्ने सम्बन्धी सम्झौता भएको छ।

सो सम्झौता बमोजिम कर्मचारीहरु, कर्मचारीका परिवार र, बैंकमा खाता रहेका ग्राहकहरूलाई अस्पतालको विविध उपचार सेवामा लाग्ने शुल्कहरूमा बिल रकमको ५ देखि १५ प्रतिशत सम्म छुट हुने व्यवस्था गरिएको छ।

सो सम्झौता पत्रमा बैंकको तर्फबाट प्रमुख वित्त अधिकृत श्री दीपेन्द्र राज काफ्ले र ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा. लि. को तर्फबाट प्रमुख कार्यकारी अधिकृत श्री यम बहादुर महतले हस्ताक्षर गर्नुभयो। यसबाट नेपाल बैंक लिमिटेडमा कार्यरत कर्मचारीहरू तथा बैंकमा खाता रहेका ग्राहकहरू ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा. लि बाट प्रदान गरिने सहुलियतपूर्ण स्वास्थ्यसेवाबाट लाभान्वित हुनेछन्।

२०८२/०९/२३ गते बुधबार

भवदीय,

(प्रतिभा डंगोल)
प्रमुख सूचना अधिकारी